वर्ष १ अङ्क ४ २०७९ वैशाख (April - May, 2022)

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# बुलेटिन Bulletin

## "बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धिको निर्णय सबैको हितमा आएको छ"

\- अध्यक्ष सिलवाल



बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्षहरूसँगको छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूलाई बलियो बनाउने, प्रशासनिक लागत घटाउने, सेवाको गुणस्तर बढाउने र बीमाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने उद्देश्यले बीमा कम्पनीहरूको चुक्ता पूँजी बृद्धि गर्ने निर्णय गरिएको बताउनुभएको छ ।

ललितपुरको कुपण्डोलस्थित बीमा समितिको कार्यालयमा गत २०७८ साल चैत १७ गते बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्षहरूसँग समयसामयिक विषयमा भएको छलफल कार्यक्रममा अध्यक्ष सिलवालले

धेरै लामो गृहकार्य गरेर बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धि गर्ने निर्णय गरिएको स्पष्ट गर्नुभयो ।

"बीमा कम्पनीहरूको पूँजी कम छ, कम्पनीहरूको मुनाफा घट्दैछ, प्रशासनिक लागत बढ्दैछ, बीमाको दायरा बढ्दै गएको छ, कम्पनीहरूको दक्षता बढ्न सकेको छैन" अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीलाई बलियो बनाउने कार्यको यो शुरूवात हो, पूँजी वृद्धिको योजना धेरै अगाडि देखिको हो, पूँजी पुऱ्याउन नसके मर्जरमा जानुपर्छ, कम्पनीको महत्वपूर्ण आधार भनेकै पूँजी हो, यो सबैको हितमा आएको छ र यसमा केही अप्ठ्यारो परे त्यो फुकाउन समिति तयार छ ।"

अध्यक्ष सिलवालले समितिले नयाँ जीवन तथा निर्जीवन कम्पनीहरू दर्ता नगर्ने जानकारी दिनुहुँदै तोकिएको अवधिभित्र चुक्ता पूँजी वृद्धिको योजना ल्याउन र तोकिएको पूँजी पुऱ्याउन नसके मर्जरमा जान बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा कम्पनीहरूले प्रस्तुत गर्ने चुक्ता पूँजी वृद्धिको योजनामाथि छलफल गरेर देखिएका अप्ठ्यारा फुकाउन समिति तत्पर रहेको जानकारी दिनुभयो ।



कार्यक्रममा सहभागी बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्षहरू ।

कार्यक्रममा बीमा कम्पनीका संचालक समितिका अध्यक्षहरूले बीमा समितिले गरेको चुक्ता पूँजी वृद्धिको निर्णय पालना गर्न आफूहरू तयार रहेको बताउँदै पूँजी वृद्धिमा समस्या परे त्यसको समाधान गर्न अभिभावकका रूपमा बीमा समिति तयार हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशकहरू सुशीलदेव सुवेदी, पूजन ढुङ्गेल (अधिकारी) र दिनेश कुमार लाल सहभागी हुनुहुन्थ्यो ।

## बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धि

बीमा समितिले बीमा कम्पनीहरूको चुक्ता पूँजी बृद्धि गरेको छ । समितिको संचालक समितिको गत चैत १० गते बसेको बैठकले बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धि गरी जीवन बीमा कम्पनीको चुक्ता पूँजी रू. ५ अर्ब र निर्जीवन बीमा कम्पनीको चुक्ता पूँजी रू. २.५ अर्ब पुऱ्याएको छ ।

बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धि गरी समग्रमा नेटवर्थ बढाई सोअनुरूप कम्पनीहरूको जोखिम वहन क्षमता बढाउन, कम्पनीहरूलाई एकअर्कामा गाभ्ने गाभिने अनुकूल वातावरण सिर्जना गरीउपयुक्त संख्यामा राख्न, पूँजीगत आधार बलियो बनाउन, बीमाको पहूँच विस्तार गर्न, कम्पनीहरूबीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार गर्न र जोखिममा आधारित पूँजीसँग सामञ्जस्यता हुनेगरी चूक्ता पूँजी कायम गर्न पूँजी वृद्धिको निर्णय गरिएको हो ।

वृद्धि गरिए अनुसारको चुक्ता पूँजी २०७९ साल चैत्र मसान्तसम्ममा कायम गरिसक्नुपर्ने र निर्धारित पूँजी तोकिएको समयावधिभित्र पुऱ्याउन नसक्ने कम्पनीहरूले "बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६" बमोजिम हुनेगरी पूँजी कायम गर्नुपर्ने

व्यवस्था गरिएको छ ।

यसैगरी, विदेशी बीमकको रूपमा दर्ता भई संचालनमा रहेको बीमकले बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ बमोजिमको तोकिएको न्यूनतम चूक्ता पूँजी बराबरको निर्धारित पूँजी (Assigned Capital) कायम गर्ने र संयुक्त लगानीमा संचालित कम्पनीले तोकिएको समयावधिभित्र उल्लिखित निर्देशिकाको दफा ४ बमोजिमको तोकिएको न्यूनतम चूक्ता पूँजी कायम गर्ने व्यवस्था गरिएको छ । कम्पनीहरूले ३० दिनभित्र आफ्नो पूँजी योजना (Capital Plan) सम्बन्धित बोर्डबाट निर्णय गराई समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था समेत रहेको छ ।

### सुदूरपश्चिम प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया

## सबैलाई बीमाको दायरामा ल्याउन आर्थिक सहायता एवम् अनुदानको व्यवस्था गर्न प्रदेश सरकारसँग अध्यक्ष सिलवालको आग्रह



कार्यक्रममा सहभागी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री, प्रमुख सचिव, बीमा समितिका अध्यक्ष सहित पदाधिकारीहरू ।

बीमा समितिको आयोजनामा गत २०७८ साल फागुन १८ गते कैलालीको धनगढीमा सुदूरपश्चिम प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले देशको संघीय स्वरूप अनुरूप आम नागरिकलाई बीमाको दायरामा ल्याउन ठोस कानूनी व्यवस्थाका साथ अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मुख्यमन्त्री भट्टले सुदूरपश्चिम प्रदेशमा बीमा समितिले प्रदेश कार्यालय स्थापना गर्न लागेकोमा प्रशन्नता प्रकट गर्नुहुँदै बीमा बारेका फरक फरक बुझाईमा एकरूपता कायम गर्नका ल ागि बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालनलाई व्यापकता दिनुपर्ने बताउनुभयो ।

सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव रामेश्वर दंगालले विभिन्न प्रकोपका कारण हुने हानी नोक्सानीबाट आइपर्ने आर्थिक नोक्सानी कम गर्नका लागि सरकारले नै अनुदान दिएर बीमा गर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

प्रमुख सचिव दंगालले बीमा समितिको प्रादेशिक कार्यालय र प्रदेश सरकारबीच आपसी समन्वयका लागि नीति बनाउनुपर्ने उल्लेख गर्नुहुँदै बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि नेतृत्व लिन प्रदेस सरकार तत्पर रहेको बताउनुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेश सरकार जनताको नजिकको सरकार भएकाले जनतालाई बीमाको दायरामा ल्याउन प्रदेश सरकारले आर्थिक सहायता एवम् अनुदानको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले बीमाको पहुँच विस्तारका लागि आवश्यक समन्वय गर्न प्रदेश सरकारले सम्पर्क व्यक्ति तोक्नुपर्ने र प्रदेश बीमा नीति समेत बनाउनुपर्ने बताउनुभयो ।

उहाँले बीमा समितिले आफ्ना प्रादेशिक कार्यालयलाई अधिकार सम्पन्न बनाउने जानकारी दिनुहुँदै बीमा

कम्पनीहरूलाई पनि आ-आफ्ना शाखा कार्यालयहरूलाई अधिकार प्रत्योजन गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा सम्बन्धी जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले समितिले बीमा दाबी भुक्तानीलाई छिटोछरितो रूपमा सहज बनाउन जोड दिँदै आएको र बीमा कम्पनीहरूमा सुशासन कायम गर्न नियमनलाई सघनरूपमा अगाडि बढाइएको जानकारी दिनुभयो ।

उहाँले प्रदेश सरकारहरूसँगको समन्वयमा बीमा समितिले नीति निर्माण र निर्देशनहरू तयार गरी सोही अनुसार कार्यान्वयनमा लैजाने उल्लेख गर्नुहुँदै बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय तहहरूमा बीमा सचेतना कार्यक्रम संचालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी दिन ढिलाई गर्ने गरेको, बीमा भुक्तानी माग गर्ने प्रक्रिया झन्झटिलो रहेको, माछा बीमा गर्न समस्या देखिएको, ग्रामीण क्षेत्रका विपन्न बर्ग बीमा बारे बेखबर रहेको लगायतका धारणा राख्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका मन्त्री र प्रदेश मन्त्रालयका सचिवहरू, बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल, कैलालीका प्रमुख जिल्ला अधिकारी, बीमा कम्पनीहरू मेट लाइफ र नेको इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

## कर्णाली प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया

## सिमान्तकृत समुदायका लागि प्रदेश सरकारबाट नै बीमा गरिदिने व्यवस्था गर्न अध्यक्ष सिलवालको आग्रह




कार्यक्रममा सहभागी कर्णाली प्रदेशका मुख्यमन्त्री, प्रमुख सचिव, बीमा समितिका अध्यक्ष सहित पदाधिकारीहरू ।

बीमा समितिको आयोजनामा गत २०७८ साल फागुन २९ गते सुर्खेतमा कर्णाली प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले प्रदेश सरकारले बीमा कार्यक्रमलाई अगाडि बढाएको जानकारी दिनुहुँदै बीमाको पहुँच विस्तारका लागि बीमा शिक्षाको प्रचार प्रसारमा जोड दिनुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री शाहीले बीमा कम्पनीहरूले बीमाको दाबी भुक्तानी समयमा नदिँदा बीमितहरू महिनौंसम्म कम्पनीहरूमा धाउनुपर्ने र बीमाको रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानीमा सुधार गर्न आग्रह गर्नुभयो ।

कर्णाली प्रदेशका प्रमुख सचिव राजकुमार श्रेष्ठले कर्णाली प्रदेशको वस्तुस्थितिलाई ध्यानमा राखेर बीमालेख तयार गर्न बीमा समितिलाई आग्रह गर्नुहुँदै प्रदेश कार्यालयमा बीमा इकाई स्थापना गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेशका सिमान्तकृत समुदायका लागि प्रदेश सरकारबाट नै बीमा गरिदिने व्यवस्था गर्न र

आर्थिकरूपले सबल समुदायलाई भने सार्वजनिक सेवासँग आवद्ध गरेर बीमाको दायरामा ल्याउन आग्रह गर्नुभयो ।

अध्यक्ष सिलवालले प्रदेश बीमा नीतिको तर्जूमा, बीमा शिक्षा लगायतका विषयमा प्रदेश सरकारलाई आवश्यक सहयोग गर्न समिति तत्पर रहेको बताउनुभयो । साथै, उहाँले बीमाको दाबी भुक्तानी विना ढिलाई सरलरूपले बीमा कम्पनीका शाखा कार्यालयहरूबाट नै दिने व्यवस्था मिलाउन पहल भइरहेको जानकारी दिनुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले संचालन गर्नुभएको कार्यक्रममा समितिका निर्देशक दिनेश कुमार लालले बीमा समितिको काम, कर्तव्य र अधिकार, बीमाका प्रकार, बीमाको महत्व, बीमा सूचकाङ्क, बीमा क्षेत्रमा विद्यमान चुनौती र बीमाको विकास एवम् विस्तारमा प्रदेश सरकारको भूमिका लगायतका विषयमा जानकारीमूलक प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानीको प्रक्रिया लामो एवम् झन्झटिलो रहेको, जोखिम बढी भएका क्षेत्रमा बीमा कम्पनीहरू बीमा गर्न अनिच्छुक देखिएको, कृषकहरूले कृषि तथा पशुपन्छी बीमा गर्न चाहँदा चाहँदै पनि बीमा गर्न नपाएको लगायतका गुनासो गर्नुभयो ।

साथै उहाँहरूले बीमा कम्पनीहरूले बीमाको दाबी भुक्तानी रकम सिधै बीमितको खातामा जम्मा गर्नुपर्ने व्यवस्था गर्न र बीमा समितिबाट प्रकाशित कृषि बीमा चिनारीमा सबै बीमा अभिकर्ताको नाम र सम्पर्क नम्बर समावेश गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कर्णाली प्रदेशका मन्त्री, प्रदेशस्थित विभिन्न मन्त्रालयका सचिव लगायत पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## कर्णाली प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया

कर्णाली प्रदेशमा बीमा क्षेत्रको विकास एवम् विस्तारको अवस्था, बीमासम्बन्धी विद्यमान चुनौती र समाधानका उपाय लगायतका विषयमा बीमा समिति र कर्णाली प्रदेशस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा प्रमुखहरूबीच गत २०७८ साल फागुन २८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले प्रदेश तथा शाखा कार्यालयहरूलाई निश्चित सीमा तोकेर बीमा दाबी भुक्तानीको अधिकार दिएमा बीमा दाबी भुक्तानीमा हाल देखिएको समस्या धेरै हदसम्म समाधान हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले देशमा बीमा क्षेत्रको विकास एवम् विस्तारका साथै आम जनतासम्म बीमाको पहुँच पुऱ्याउनका लागि आ-आफ्ना तर्फबाट योगदान गर्न प्रदेश सरकार, स्थानीय तह र बीमा कम्पनीहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरी आग्रह गर्दै आएको जानकारी दिनुभयो ।

साथै, उहाँले बीमा समितिले कर्णाली प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न लागेको जानकारी दिनुहुँदै बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरूका लागि अण्डरराइटिङ् लगायतका विषयमा

तालिम र बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालनमा जोड दिँदै आएको बताउनुभयो ।

अन्तरक्रियाका क्रममा अध्यक्ष सिलवालले बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूसँग कार्यालयका काम कारवाही, विद्यमान समस्या, समस्या समाधानको उपाय र कर्मचारीका लागि आवश्यक तालिम लगायतका विषयमा जानकारी लिनुभएको थियो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीलाई सरल एवम् छिटो छरितो तुल्याउन र दुर्गम भेगका वासिन्दाले समेत स्थानीयस्तरमै बीमा गर्न पाउने व्यवस्था गर्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागी बीमा कम्पनीका प्रदेश तथा शाखा प्रमुख र अन्य कर्मचारीहरूले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि प्रदेश तथा स्थानीय तहमा बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम निरन्तर आयोजना गर्नुपर्ने, विद्यालयमा बीमा विषयमा अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्ने, कम्पनीका प्रदेश तथा शाखा कार्यालयका कर्मचारीहरूका लागि नियमितरूपमा तालिम आयोजना गर्नुपर्ने, सरकारी सेवाहरूसँग आवद्ध गरी अनिवार्यरूपमा बीमा गर्ने व्यवस्था गर्नुपर्ने, न्यून आय भएका विपन्न बर्गहरूका लागि प्रदेश तथा स्थानीय सरकारले नै अनुदान दिएर बीमा गर्ने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लाल र सहायक प्रथम लोकप्रसाद काफ्ले, विभिन्न बीमा कम्पनीका कर्णाली प्रदेशस्थित कार्यालयका प्रदेश प्रमुख, शाखा प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## बीमा समिति र ICAN बीच सूचना आदान प्रदान एवम् पारस्परिक सहयोग सम्बन्धी सम्झौता




सम्झौता कार्यक्रममा सहभागी बीमा समितिका अध्यक्ष, ICAN का अध्यक्ष लगायत पदाधिकारीहरू ।

बीमा समिति र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बीच सूचना आदान प्रदान एवम् पारस्परिक सहयोग सम्बन्धी सम्झौता भएको छ ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष युद्धराज ओलीले गत २०७८ साल फागुन ११ गते ललितपुरस्थित संस्थाको कार्यालयमा सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

त्यस अवसरमा बीमा समितिका अध्यक्ष सिलवालले बीमा क्षेत्रमा आर्थिक पारदर्शिता, उत्तरदायित्व र विश्वसनीयता कायम राख्न तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन सम्झौताबाट महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष ओलीले बीमा कम्पनीहरूमा NFRS को कार्यान्वयन र सुशासन कायम गर्ने सन्दर्भमा दुई संस्थाबीचको सहकार्य महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो ।

बीमा व्यवसायको दिगो विकासका लागि सहकार्य गर्ने, बीमा कम्पनीका वित्तीय गतिविधिहरूलाई थप पारदर्शी एवम् प्रतिस्पर्धी बनाई संस्थागत सुशासन कायम गर्ने र सर्वसाधारण लगानीकर्ताको हित सुरक्षा गर्ने उद्देश्यले समिति र संस्थाबीच सम्झौता भएको हो ।

सम्झौतामा बीमा कम्पनीहरूमा NFRS को कार्यान्वयनमा सहजीकरण गर्न तालिम कार्यक्रम आयोजना गर्ने, प्राविधिक परामर्श आदान प्रदान गर्ने, बीमा कम्पनीका वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन तथा विश्लेषणका सम्बन्धमा आपसी राय परामर्श आदान प्रदान गर्ने र बीमा कम्पनीका लेखापरीक्षणको राय तथा त्यसले पार्न सक्ने असरको विश्लेषण गर्न सहकार्य गर्ने उल्लेख छ ।

यसैगरी, बीमा कम्पनी र कम्पनीसँग सम्बन्धित व्यक्ति तथा संस्थाका सदस्यहरूलाई समिति वा संस्थाले गरेको कारवाहीका बारेमा एकआपसमा जानकारी गराई यस सम्बन्धमा आवश्यक सहकार्य गर्ने तथा संस्था र समितिबाट जारी भएका विभिन्न निर्देशिकाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन सहकार्य गर्ने सम्झौतापत्रमा उल्लेख गरिएको छ ।

त्यस अवसरमा बीमा समितिका कार्यकारी दिर्नेशक राजुरमण पौडेल र निर्देशकद्वय पूजन ढुङ्गेल (अधिकारी) तथा दिनेश कुमार लाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका उपाध्यक्ष भाष्करसिंह लाला तथा कार्यकारी निर्देशक सञ्जय सिन्हा उपस्थित हुनुहुन्थ्यो ।

## बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया

## बीमा दाबी भुक्तानी तोकिएकै समयमा गर्न बीमा कम्पनीहरूलाई अध्यक्ष सिलवालको निर्देशन

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा दाबी भुक्तानी मनोगतरूपमा नगरी तोकिएकै समयमा गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

बीमा समितिको आयोजनामा गत २०७८ साल चैत ७ गते ललितपुरमा जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगको भएको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिलवालले बीमा दाबी भुक्तानी जानेर बुझेर पनि समयमै नदिएमा दाबी भुक्तानी अवधिपछि दिनगन्ती गरेर बीमा रकमको व्याज समेत दिनुपर्ने व्यवस्था गरिने बताउनुभयो ।

अध्यक्ष सिलवालले देशमा बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका साथै बीमितको हित रक्षा गर्नु बीमा समितिको मुख्य कार्य भएको उल्लेख गर्नुहुँदै बीमा सम्बन्धी ऐन, नियम र निर्देशिका तथा बीमा समितिको निर्देशन अनुसार राम्रो काम गर्ने कम्पनीलाई प्रशंसापत्र दिने र कानून उल्लङ्घन गरी गलत काम गर्नेलाई भने कारवाही गरिने स्पष्ट गर्नुभयो ।

उहाँले बीमा समितिले राष्ट्रिय बीमा नीति ल्याउन सरकारलाई आग्रह गर्दै आएको र त्यसको मस्यौदा समेत बुझाइसकेको उल्लेख गर्नुहुँदै त्यसलाई आवश्यक छलफल गरेर अघि बढाउन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग तयार रहेको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, “आगामी १० वर्षपछि बीमाको रकम बैङ्कको भन्दा पनि बढी हुन्छ, अब हरेक

विषयमा बीमा केन्द्रित हुनुपर्छ र बीमा रकमको लगानी सुनिश्चित गर्नुपर्छ ।"

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा कम्पनीहरूका लागि एकीकृत सफ्टवेर निर्माण गर्ने कार्यको समितिले नेतृत्व गर्ने बताउनुहुँदै बीमा कम्पनीका कर्मचारी, बीमा अभिकर्ता लगायतलाई सक्षम बनाउनका लागि तालिम दिन इन्सुरेन्स इन्स्टिच्युट नेपाललाई अनुमती दिइएको जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक पौडेलले समितिले एकीकृत निर्देशिका चाँडै ल्याउने जानकारी दिनुहुँदै बीमा दाबी भुक्तानी छिटोभन्दा छिटो गरेर बीमाप्रतिको विश्वास कायम राख्न आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले बीमालेख र बीमाङ्कीय सम्बन्धी जानकारी दिनुभयो ।

बीमा समितिका बीमाङ्की प्रेक्षा माथेमाले बीमाङ्की मूल्याङ्कन सम्बन्धी जानकारीमूलक तथ्याङ्क र बजार विश्लेषण सहितको जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमा कम्पनीहरूमा देखिएका कैफियतहरू र सुधारका कदमका बारेमा चर्चा गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## बीमा सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्रको नवीकरण डिजिटल माध्यमबाट




बीमा सर्भेयर र अभिकर्ताको इजाजतपत्र डिजिटल माध्यमबाट नवीकरण गर्ने कार्यको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवाल ।

बीमा समितिले बीमा सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्र डिजिटल माध्यमबाट नवीकरण गर्न शुरू गरेको छ ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले गत २०७८ साल चैत ८ गते ललितपुरको कुपण्डोलस्थित समितिको कार्यालयमा बीमा सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्र डिजिटल माध्यमबाट नवीरकण गर्ने कार्यको शुभारम्भ गर्नुभयो ।

त्यस अवसरमा अध्यक्ष सिलवालले देशका विभिन्न स्थानमा रहेका बीमा सर्भेयर र बीमा अभिकर्ताले अब आफू रहेकै स्थानबाट डिजिटल माध्यमबाट आफ्नो इजाजतपत्रको नवीकरण गर्न पाउने अवसर उपलब्ध भएको बताउनुभयो ।

अध्यक्ष सिलवालले देशका पूर्वदेखि पश्चिम र हिमालदेखि तराईसम्म छरिएर रहेका झण्डै तीन लाखको सङ्ख्यामा रहेका बीमा अभिकर्ताले डिजिटल माध्यमबाट नै इजाजतपत्र नबीकरण गर्न पाउने भएबाट बीमाको पहुँच विस्तारमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशकहरू सुशीलदेव सुवेदी र दिनेश कुमार लाल उपस्थित हुनुन्थ्यो ।

कार्यक्रममा बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मीले इजाजतपत्रको डिजिटल नबीकरणका बारेमा चर्चा गर्नुभएको थियो भने कार्यक्रम संचालन समितिका सहायक निर्देशक शम्भुप्रसाद मिश्रले गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैङ्कबाट भुक्तानी प्रणाली संचालकको अनुमतीप्राप्त संस्था नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) को Connect IPS मार्फत डिजिटल माध्यमबाट इजाजतपत्र नवीकरणका लागि लाग्ने दस्तूर बीमा समितिको खातामा बुझाएर बीमा सर्भेयर र बीमा अभिकर्ताले इजाजतपत्र नवीकरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

त्यसका लागि बीमा सर्भेयर र बीमा अभिकर्ताले Connect IPS को site मा गएर Semi-government मा रहेको बीमा समितिको लोगोमा क्लिक गरेपछि देखिने बीमा सर्भेयर र बीमा अभिकर्ता पेमेन्टमा गएर इजाजतपत्र नम्बर र जारी मिति टाइप गरेपछि नबीकरणका लागि लाग्ने शुल्कको जानकारी System ले नै Calculate गरेर दिन्छ । तत्पश्चात् अनलाइनबाटै नवीकरण शुल्क बुझाउन सकिन्छ र त्यसरी बुझाएको रकमको रसिद PDF फर्म्याटमा प्रिन्ट गर्न सकिनेछ ।

संस्थागत बीमा सर्भेयरले Connect IPS मार्फत बीमा समितिको खातामा इजाजतपत्रको नबीकरण शुल्क बुझाउनुका साथै समितिको इमेल surveyor.workdetails@nib.gov.np मा संस्था नवीकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नवीकरण अघिका कामको विवरण पठाएपछि बीमा सर्भेयर इजाजतपत्र नबीकरण हुने व्यवस्था छ । व्यक्तिगत बीमा सर्भेयरले भने Connect IPS मार्फत नबीकरण शुल्क र कामको विवरण बुझाएपछि इजाजतपत्र नबीकरण हुनेछ ।

यसैगरी, संस्थागत बीमा अभिकर्ताले पनि Connect IPS मार्फत बीमा समितिको खातामा इजाजतपत्रको नबीकरण शुल्क बुझाउनुका साथै समितिको इमेल agent.workdetails@nib.gov.np मा संस्था नवीकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नवीकरण अघिका कामको विवरण पठाएपछि इजाजतपत्र नबीकरण हुने व्यवस्था गरिएको छ । व्यक्तिगत बीमा अभिकर्ताको हकमा भने त्यसरी अनलाइनबाट नबीकरण शुल्क बुझाउनुका साथै कामको विवरण पठाउनु पर्दछ ।

त्यसरी पठाइएका विवरण सम्बन्धित बीमा कम्पनीको सिस्टमा जान्छ र त्यहाँबाट अनलाइन प्रणालीबाटै सिफारिश भएर आएपछि सम्बन्धित बीमा अभिकर्ताको इजाजतपत्र बीमा समितिबाट नवीकरण हुने व्यवस्था गरिएको छ ।

नबीकरण भएको इजाजतपत्रका बारेमा सम्बन्धित बीमा सर्भेयर र बीमा अभिकर्ताले बीमा समितिको वेभसाइटमा गएर आफ्नो इजाजतपत्रको नम्बर र जारी मिति टाइप गरेपछि जानकारी प्राप्त गर्न सक्ने छन् ।

अनलाइन प्रणालीमार्फत बीमा सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्रको नवीकरण कार्यको शुरूवात भएसँगै इजाजतपत्र नवीकरणका लागि बीमा समितिमा आउनुपर्ने बाध्यताको अन्त्य भएको छ । अब देशभरका जुनसुकै स्थानमा रहेका बीमा सर्भेयर र बीमा

अभिकर्ताले आफू रहेको स्थानबाट नै अनलाइन प्रणालीबाट इजाजतपत्र नबीकरणका लागि लाग्ने शुल्क बुझाउन र अनलाइनबाटनै इजाजतपत्र नबीकरण भएको जानकारी प्राप्त गर्न सक्नेछन् ।

हाल देशभरमा गरी नवीकरण योग्य बीमा सर्भेयरको संख्या करिव एक हजार दुईसय पचास र बीमा अभिकर्ताको संख्या करिव तीन लाख रहेको छ ।

बीमा सर्भेयर र बीमा अभिकर्ताहरूले डिजिटल माध्यमबाट इजाजतपत्र नवीकरण गर्नका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्दछ :

१. Connect IPS Login गर्ने,

२. Payment Tab को Semi-government Tab मा Click गर्ने,

३. बीमा समितिको लोगो भएको Tab मा Click गर्ने,

४. एजेन्ट वा सर्भेयर कुन हो सो Tab मा Click गर्ने,

५. अन्य मागेका आफ्ना विवरणहरू Submit गर्ने ।

## Global Money Week - 2022

## वित्तीय साक्षरता ऱ्याली आयोजना




वित्तीय साक्षरता ऱ्याली पश्चात् आयोजित सभालाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री जनार्दन शर्मा ।

विश्व वित्तीय सप्ताह (Global Money Week - 2022) का अवसरमा गत २०७८ साल चैत १३ गते काठमाडौंमा वित्तीय प्रणालीका नियामक निकायहरुको समन्वय एवम् सहभागितामा वित्तीय साक्षरता ऱ्याली आयोजना गरिएको छ ।

ऱ्यालीमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशकहरु कमल प्रसाद रेग्मी, सुशीलदेव सुवेदी, पूजन ढुङ्गेल (अधिकारी) तथा दिनेश कुमार लाल र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

यसैगरी, ऱ्यालीमा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, विभिन्न बैङ्क, बीमा कम्पनी, वित्तीय संस्था र वित्तीय तालिम प्रदायक निकायहरुका पदाधिकारी तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

काठमाडौंको भद्रकालीबाट शुरु भएको ऱ्याली टुँडिखेल परिक्रमा गरी भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री जनार्दन शर्माले देशका दूरदराजका ग्रामीण भेगसम्म वित्तीय परिचालकहरु खटाएर वित्तीय साक्षरतालाई व्यापकरुपमा अगाडि बढाउन नियामक निकायहरु लगायत सम्बन्धित संस्थाहरुलाई आग्रह गर्नुभयो ।

उहाँले रकमको बुद्धिमत्तापूर्वक प्रयोग गर्न, उचित प्रतिफल प्राप्त हुनेगरी पादर्शी किमिसले काम गर्न र वित्तीय क्षेत्रको सुधारमा लाग्न सम्बन्धित सबैको ध्यानाकर्षण गर्नुभयो ।

अर्थमन्त्री शर्माले पूँजी बजारमा छरिएर रहेका रकमलाई एकत्रित गरेर देशका पूर्वाधार तथा उत्पादनका क्षेत्रमा लगानीका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सम्बन्धित नियामक निकायहरुलाई निर्देशन दिनुभयो । साथै, उहाँले लगानीको सुरक्षा गर्न र पूँजी बजारमा

देखिएका इन्साइडर ट्रेडिङ लगायतका विकृतिहरुलाई नियन्त्रण गरी पूँजी बजारलाई व्यवस्थितरुपले अगाडि बढाउन पनि निर्देशन दिनुभयो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल विशेष अतिथि रहनुभएको कार्यक्रमको सभापतित्व नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश कुमार हमालले गर्नुभएको थियो ।

एक सातादेखि वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षण, हाजिरी जवाफ, अन्तरक्रिया लगायतका कार्यक्रमहरु आयोजना गरिएको विश्व वित्तीय साप्तहको अन्तिम दिन वित्तीय साक्षरता र्‍याली सहित सभाको आयोजना गरिएको हो । नेपाल सहित विश्वका १७६ देशमा विश्व वित्तीय सप्ताह एकैसाथ मनाइएको त्यस अवसरमा जानकारी दिइएको थियो ।

### निर्जीवन बीमा कम्पनी र बीमा सर्भेयरहरूसँग अन्तरक्रिया

## बीमा दाबी छिटो भुक्तानी गर्न अध्यक्ष सिलवालबाट निर्देशन




अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा बजारमा विश्वसनीयता बढाउन र नकारात्मक प्रचार हुन नदिनका लागि सकेसम्म छिटो बीमा दाबी भुक्तानी गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

बीमा समितिको आयोजनामा निर्जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृत र बीमा सर्भेयर संघ, नेपालका पदाधिकारीहरूसँग गत २०७८ साल चैत १७ गते काठमाडौंमा भएको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा सर्भेयरबाट समयमै क्षतिको मूल्याङ्कन भयो र बीमा कम्पनीबाट पनि समयमा नै बीमा दाबीको भुक्तानी भयो भने बीमा बजारमा विश्वास बढ्छ र बीमाको दायरा समेत बढ्छ ।”

“प्रत्येक वर्ष बीमाको कारोवार बढ्दै गएको छ, जोखिमका प्रकार बढ्दै छन्, बीमाको दाबी बढेको छ, बीमा सर्भेयर क्षति मूल्यांकनका लागि समयमा नगएका धेरै गुनासा आएका छन्, सर्भेयरको व्यवहार राम्रो भएन भन्ने पनि गुनासा छन्” अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा सर्भेयरले आफूले लिएको क्षति मूल्याङ्कनको जिम्मेवारी समयमा नै पूरा गर्नु पर्‍यो, बीमा कम्पनीले पनि बीमा दाबी भुक्तानी र बीमा सर्भेयरको फी ढिलाई नगरी भुक्तानी गर्नु पर्‍यो, पशु मर्‍यो, बाली बिग्रियो बीमा रकम पाइएन भन्ने गुनासा आउनु भएन, पीडितले समयमा नै बीमा रकम पाउनु पर्‍यो, कमी कमजोरीलाई सुधारेर अगाडि बढ्नु पर्‍यो ।”

आगामी १० वर्षमा वित्तीय क्षेत्रमा बीमा क्षेत्र सवभन्दा अगाडि हुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले देशका हरेक नागरिकले बीमाबाट प्रतिफल पाउन सकून् र बीमा जोखिमको बेलाको साथी बनोस् भनेर बीमा समितिले राष्ट्रिय बीमा नीति ल्याउन र त्यस अनुसार प्रदेश तथा स्थानीय तहमा बीमा नीति निर्माण गर्न पहल गरे अनुसार त्यसले सार्थकता पाउन थालेको बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण

पौडेलले बीमा सर्भेयरहरू स्वतन्त्र भएकाले स्वतन्त्ररूपले क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी छिटोभन्दा छिटो बीमा कम्पनीमा बुझाउनुपर्ने बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमा सर्भेयरले क्षति मूल्याङ्कनको पूर्ण प्रतिवेदन बुझाउन समय लाग्ने भए तत्काललाई प्रारम्भिक प्रतिवेदन बीमा कम्पनीमा बुझाउनुपर्ने उल्लेख गर्नुहुँदै बीमा सर्भेयरले प्रतिवेदन बुझाएपछि समयमै सर्भे फी पनि भुक्तानी गर्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले बीमा सर्भेयर सम्बन्धी व्यवस्था बारेको जानकारीमूलक प्रस्तुती गर्नुभएको कार्यक्रममा नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्री र बीमा सर्भेयर संघ, नेपालका अध्यक्ष मोहनपुरूष ढकालले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बीमा समितिका निर्देशकहरू कमल प्रसाद रेग्मी, सुशीलदेव सुवेदी, पूजन ढुङ्गेल (अधिकारी) र दिनेश कुमार लाल, निर्जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरू तथा बीमा सर्भेयर संघ, नेपालका वर्तमान तथा निवर्तमान पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## कोरोना बीमाको दाबी भुक्तानी सम्बन्धी समस्या छिट्टै समाधान हुने अध्यक्ष सिलवालको विश्वास



बीमकका प्रमुख कार्यकारी अधिकृतहरूसँग आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवाल ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले कोरोना बीमाको दाबी भुक्तानी सम्बन्धी समस्या छिट्टै समाधान हुने विश्वास व्यक्त गर्नुभएको छ ।

ललितपुरको कुपण्डोलस्थित बीमा समितिको कार्यालयमा गत २०७८ साल चैत २९ गते आयोजित नववर्ष २०७९ को शुभकामना आदान प्रदान कार्यक्रममा अध्यक्ष सिलवालले माननीय अर्थमन्त्रीज्यू कोरोना बीमाको समस्या समाधान गर्न प्रतिवद्ध रहनुभएको उल्लेख गर्नुहुँदै एकमुष्ठरुपमा नै समस्या समाधान हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले कोरोना बीमाको दाबी भुक्तानीका सम्बन्धमा माननीय अर्थमन्त्रीज्यू र अर्थ मन्त्रालयका सचिव लगायत पदाधिकारीहरुसँग निरन्तर छलफल गर्नुका साथै बीमा समितिबाट विकल्प सहितको प्रस्ताव पठाइएको उल्लेख गर्नुभयो ।

अध्यक्ष सिलवालले चालू आर्थिक वर्षमा बीमा दाबी फछ्र्यौट उल्लेखनीयरुपले बढेको र बीमा दाबी भुक्तानीका सम्बन्धमा बीमा समितिमा परेका उजूरीहरुमाथि छानविन गरी शीघ्र किनारा लगाउने काम पनि भइरहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले चालू आर्थिक वर्षको पहिलो आठ महिनामा नै बीमाको दायरा विस्तार सरकारले चालू आर्थिक वर्षका लागि लिएको ३३.३३ प्रतिशतको लक्ष्यभन्दा पनि बढेर ३५ प्रतिशत नाघेको जानकारी दिनुभयो ।

गत आर्थिक वर्षको फागुन मसान्तसम्म २६.३० प्रतिशत रहेको बीमाको पहुँच चालू आर्थिक वर्षको फागुन मसान्तसम्ममा बढेर ३५.४४ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको र यो अझै बढ्दै जाने, उहाँले बताउनुभयो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा समितिले समग्र बीमा क्षेत्रमा सुशासन

कायम गर्नका लागि जोड दिँदै आएको बताउनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले समितिले विगतमा नभएका धेरै काम गएको एक वर्षमा नै सम्पन्न गरेको विचार व्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले संचालन गर्नुभएको कार्यक्रममा बीमा समिति कर्मचारी युनियनका अध्यक्ष पूर्णबहादुर थापा र बीमा समिति कर्मचारी सङ्गठनका अध्यक्ष पदमप्रसाद सोडारीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**नववर्ष २०७९ का अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम**

## बीमाप्रतिको विश्वास बढाउन सबै लाग्नुपर्नेमा अध्यक्ष सिलवालको जोड



बीमकका प्रमुख कार्यकारी अधिकृतहरूसँग आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवाल ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीको सङ्ख्या घटाउन, पूँजीगत आधार बलियो बनाउन, बीमकको जोखिमधारण क्षमता बढाउन, बीमाको कार्यक्षेत्र विस्तार गर्न र बीमाप्रतिको विश्वास अभिवृद्धि गर्न बीमा कम्पनीहरूको चुक्ता पूँजी बृद्धिको निर्णय भएको बताउनुभएको छ ।

नववर्ष २०७९ को पूर्वसन्ध्यामा २०७८ साल चैत ३० गते ललितपुरको कुपण्डोलस्थित बीमा समितिमा आयोजित बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगको शुभकामना आदान प्रदान कार्यक्रममा अध्यक्ष सिलवालले समितिको निर्णय बमोजिम बीमा कम्पनीहरूले स्वत:स्फूर्तरूपमा मर्जरमा गएर भए पनि चुक्ता पूँजी वृद्धि गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूसँग ३० दिनभित्र पूँजी बृद्धिको योजना मागेका छौं । पूँजी बृद्धि गर्नुपर्छ । पूँजी बृद्धि गर्न नसके मर्जरमा जानुपर्छ । यसमा आवश्यक सहजीकरण एवम् सहयोग गर्न समिति तयार छ । कम्पनीले पूँजी बृद्धि गर्न नसके एक वर्षपछि फोर्स मर्जरमा जानुपर्ने अवस्था आउनसक्छ ।"

बीमा व्यवसायलाई स्थापितरूपमा अगाडि बढाउनका लागि राष्ट्रिय बीमा नीति ल्याउन समितिले पहल गरिरहेको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले राष्ट्रिय बीमा नीति आएपछि प्रदेश र स्थानीय तहमा पनि बीमा नीति बन्ने र दीर्घकालीन योजनाका साथ बीमा व्यवसाय सफलतापूर्वक अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष सिलवालले विभिन्न जिल्लामा रहेका बीमा कम्पनीका कर्मचारी र बीमा अभिकर्ता लगायतलाई तालिम दिनका लागि सातवटै प्रदेशमा तालिम संचालन गर्न इन्सुरेन्स इन्ष्टिच्युट नेपाललाई निर्देशन दिइएको जानकारी दिनुहुँदै बीमाप्रतिको विश्वास बढाउन, सरेण्डरको अवस्था आउन नदिन र बीमा व्यवसायलाई सफल बनाउन सबै लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाको पहुँच बढाउनका लागि बीमा समितिले प्रादेशिकस्तरमा कार्यालय स्थापना गर्न लागेको उल्लेख गर्नुहुँदै समितिको प्रयासबाट बीमा क्षेत्रमा सुशासनमा केही सुधार भएको, बीमाको दायरा सरकारले लिएको लक्ष्यभन्दा पनि बढेको र विभिन्न प्रदेशहरूमा बीमाको फोकल पर्सन तोक्ने कार्य समेत भएको जानकारी दिनुभयो ।

कार्यक्रममा बीमक सङ्घका अध्यक्ष चंकी क्षेत्री र जीवन बीमक सङ्का अध्यक्ष निर्मल काजी श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले संचालन गर्नुभएको कार्यक्रममा समितिका निर्देशकहरू कमल प्रसाद रेग्मी तथा दिनेश कुमार लाल, बीमा कम्पनी

तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू र बीमा समितिका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## विभिन्न बीमकहरूलाई जरिवाना

बीमा ऐन, २०४९ बमोजिम तोकिएको समयसिमाभित्र बीमा समितिमा आर्थिक वर्ष २०७६/०७७ मा आफूले गरेको बीमा व्यवसायको हिसाव किताबको लेखापरीक्षण प्रतिवेदन नबुझाउने विभिन्न ११ वटा बीमकहरूलाई प्रति बीमक रू. १०,०००/- (दश हजार) का दरले जरिवाना गरिएको छ । साथै, बीमकहरूलाई आगामी आर्थिक वर्षको लेखापरीक्षण हिसाव किताव समयमानै पेश गर्न समेत ध्यानाकर्षण गरिएको छ । यसका साथै, समितिबाट जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ उल्लङ्घन गर्ने अन्य दुईवटा बीमकहरूलाई समेत प्रति बीमक रू. १०,०००/- का दरले जरिवाना गरिएको छ ।

**बीमा समितिबाट इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनीहरू**

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १. | राष्ट्रिय बीमा संस्थान | रामशाहपथ, काठमाडौं | ४२६२५२० |
| २. | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | लाजिम्पाट, काठमाडौं | ४४१४७९९ |
| ३. | नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४१६९०८२ |
| ४. | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | नक्साल काठमाडौं | ४४४३६१६ |
| ५. | मेट लाइफ इन्स्योरेन्स | पुल्चोक, ललितपुर | ५५५५१६६ |
| ६. | एसिएन लाइफ इन्स्योरेन्स कं. लि. | मैतिदेवी, काठमाडौं | ४४१०११५ |
| ७. | सूर्या लाइफ इन्स्योरेन्स कं. लि. | सानोगौचरण, काठमाडौं | ४४२३७४३ |
| ८. | गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | तीनकुने, काठमाडौं | ५१९९३१० |
| ९. | प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | हात्तिसार, काठमाडौं | ४४४१४१४ |
| १०. | आइएमई लाइफ इन्स्योरेन्स कं. लि. | लैनचौर, काठमाडौं | ४०२४०७५ |
| ११. | युनियन लाइफ इन्स्योरेन्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं | ४७८४७५८ |
| १२. | ज्योति लाइफ इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४४५९४१ |
| १३. | सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४४३६१२६ |
| १४. | रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं | ४७८७२२४ |
| १५. | रिलायन्स नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४२३६१८ |
| १६. | सिटिजन लाइफ इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ४१०१७४४ |
| १७. | सानिमा लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४४३८८८६ |
| १८. | प्रभु लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२२६५६८ |
| १९. | महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | नक्साल, काठमाडौं | ४४४५१२३ |

## बीमा समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनीहरू

| क्र.सं. बीमकको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|
| १. राष्ट्रिय बीमा कम्पनी लिमिटेड | रामशाहपथ, काठमाडौं | ४२५८७२१ |
| २. नेपाल इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२२१३५३ |
| ३. दी ओरियन्टल इन्स्योरेन्स कं. लि. | डिल्लीबजार, काठमाडौं | ४४१६४३९ |
| ४. नेशनल इन्स्योरेन्स कं. लि. | त्रिपुरेश्वर, काठमाडौं | ४२५०७१० |
| ५. हिमालय जनरल इन्स्योरेन्स कं. लि. | बबरमहल, काठमाडौं | ४२३१७८८ |
| ६. युनाइटेड इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ५१११११ |
| ७. प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. | नक्साल, काठमाडौं | ४४१३५४३ |
| ८. एभरेष्ट इन्स्योरेन्स कं. लि. | हात्तिसार, काठमाडौं | ४४४४७१७ |
| ९. नेको इन्स्योरेन्स लि. | अनामनगर, काठमाडौं | ४७७०१२७ |
| १०. सगरमाथा इन्स्योरेन्स कं. लि. | भगवती बहाल, काठमाडौं | ४४१२३६७ |
| ११. प्रभु इन्स्योरेन्स लि. | तीनकुने, काठमाडौं | ५१९९२२० |
| १२. आइएमई जनरल इन्स्योरेन्स लि. | नक्साल, काठमाडौं | ४४११५१० |
| १३. प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२१२९४० |
| १४. शिखर इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ४२४६१०१ |
| १५. लुम्बिनी इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४११७०७ |
| १६. एनएलजी इन्स्योरेन्स कं. लि. | लाजिम्पाट, काठमाडौं | ४४४२६४६ |
| १७. सिद्धार्थ इन्स्योरेन्स कं. लि. | बबरमहल, काठमाडौं | ४२५७७६६ |
| १८. जनरल इन्स्योरेन्स कं. (नेपाल) लि. | हात्तिसार, काठमाडौं | ४४४३५४४ |
| १९. अजोड इन्स्योरेन्स कं. लि. | सुन्धारा, काठमाडौं | ४२४३७६८ |


**संरक्षक**

श्री सूर्यप्रसाद सिलवाल

अध्यक्ष

**सल्लाहकार**

श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक

श्री सुशीलदेव सुवेदी, निर्देशक

श्री दिनेश कुमार लाल, निर्देशक

**संपादक समूह**

**संयोजक**

श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सदस्यहरू**

श्री ध्रुव तिमिल्सिना, उपनिर्देशक

श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक

श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**कम्प्युटर लेआउट**

श्री कृष्ण राज अधिकारी, कम्प्युटर प्राविधिक

**प्रकाशक**

**बीमा समिति**

(नेपालको बीमा नियमनकारी निकाय)

कुपण्डोल, ललितपुर ।

फोन : ०१-५४२१०७९, ५४३८७४३

टोल फ्री नं. : १६६०-०१-५६७८९

फ्याक्स : ०१-५४२०११९

Email: info@nib.gov.np,

Website: www.nib.gov.np